# बिन्दवासिनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बहुअर्वाभाठा, पर्सा
मधेश प्रदेश, नेपाल

प.स:- ०८१/०८२
च.नं.

मितिः २०८२/०३/३१

---

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अन्यन्त जरुरी सूचना ।**

उपरोक्त सम्वन्धमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) तथा सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) को उपदफा १ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको आ.व. २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको (श्रावण देखि भाद्र मासन्त सम्म दुई महिना ) सम्वन्धीत वडा कार्यालयमा आफै उपस्थित भई नवीकरणको लागि निवदेन दिनुपर्ने व्यवस्थापन भए बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउन तथा राष्ट्रिय परिचयपत्रमा आधरित Biometric Verification नविकरण गर्नमा अनिवार्य गरिने आवश्यक भएकोले सूचना जारी गरिएको छ। बालबालिका, पूर्ण अपाङ्गता, भएका आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति, ९० वर्ष माथि को हकमा सामाजिक सुरक्षा भत्ता नविकरण गर्दा Biometric Verification अथवा राष्ट्रिय परिचत्रपत्र नम्बर आवश्यक नपर्ने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणका लागि आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको १ प्रतिलिपि,
- हालसालै खिचेको अटो साइजको २ प्रति फोटो,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको कार्डको १ प्रतिलिपि,
- अनिवार्य राष्ट्रिय परिचयपत्र नम्बर भएको कागजातको १ प्रतिलिपि,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको १ प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको १ प्रतिलिपी,
- अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको १ प्रतिलिपि,
- असहाय विधुवा/एकल महिला को हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको १ प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको १ प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,

**पुनश्च : तोकिएको समयमा परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन तथा लाभग्राहीको नाम स्वत : प्रणालीबाट हट्नेछ र निर्धारित समय सिमाभित्र नवीकरण नभएका लाभग्राहीले पुन: भत्ता प्राप्त गर्नका लागि नयाँ लाभग्राहीको रुपमा निवेदन पेश गर्न सकिनेछ ।**

२०८२।३।३१

[...]मित प्रमुख प्रशासकिय अधिकृत

---

:bindabasinimun.gov.np : lto.bindabasinimun @gmail.com 9 855085527

CamScanner